# असल शिक्षक के गर्छन् ?



# WHAT GOOD TEACHERS DO?

# असल शिक्षक के गर्छन् ?

# WHAT GOOD TEACHERS DO?



# १. अभिवादन गर्छन् !

असल शिक्षक ढोकैमा (यथार्थमा जहाँ जहाँ भेटिन्छ) विद्यार्थीलाई मुस्कानसहित अभिवादन गर्छन् । हरेकलाई नामले बोलाउँदै स्वागत गर्नु झनै महत्त्वपूर्ण हुन्छ । यसो गर्दा सबैले ध्यान पाएको महसूस गर्छन् र सकारात्मक वातावरणबाट दिनको शुरुवात हुन्छ ।

# 1. GREET THE STUDENTS!

They greet the students at the door. It’s important to welcome them all by name and give them a high five ! By doing this, they feel welcome and you can start the day with a positive atmosphere.



# २. सँगसँगै हाँस्छन् !

अमल शिक्षक केटाकेटीहरूले बनाएका चुट्किला सुन्छन्, सँगसँगै हाँस्छन् र प्रशंसा गर्छन् । बालबालिकासँग ठट्टा गर्छन् । उनीहरूले हँसाउन खोजेका कुरामा हाँस्छन् । हाँसो सम्बन्ध गाँस्ने माध्यम हो । खुशी, प्रसन्न भावले केटाकेटीहरूलाई स्वस्थ, होशियार र चुनौतीसँग सामना गर्न सक्ने बनाउँछ । शिक्षकले सधैं आफूसँग सान्दर्भिक चुट्किला याद गरेर राख्छन् र सुनाउने गर्छन् ।

# 2. HAVE A LAUGH!

Children can be really funny, so when they make a joke, you can listen to them and appreciate it. Laughing together is a way to connect, and a good sense of humor can also make kids smarter, healthier, and be able to cope with some other situations. A good teacher can always prepare a little joke related to specific subject.



# ३. सँगसँगै नाच्छन्, गाउँछन् !

असल शिक्षक नाचगान गर्छन् । आफैंले नाच्न गाउन नजाने पनि सबैले गाउने नाच्ने उत्साही वातावरण सिर्जना गर्छन् । नृत्य र गायनले सबैलाई आनन्द दिन्छ, थकाइ र आलस्य भगाउँछ । यसले कक्षाकोठाको वातावरण भयरहित र अनौपचारिक बनाउँछ । विषयलाई गीत बनाउन पनि सक्छन् । गीत सधैं विषयसँग सम्बन्धित हुनुपर्छ भन्ने चाहिँ छैन ।

# 3. DANCE AND SING!

Dancing and singing in the classroom gives pleasures. It sets an informal tone and absence of fear too. You create a positive atmosphere and enthusiasm in the whole group by doing this. You can teach them also by singing a song about the lesson or a subject. Of course, a song dose not have to be related to the subject all the time.



# ४. सँगसँगै खान्छन् !

असल शिक्षक केटाकेटीसँगै बसेर खाजा खान्छन् । घरमा बनाएका विभिन्न थरीका स्वस्थ खानेकुरा खान उत्प्रेरित गर्छन् । सँगसँगै खाजा खाँदा कुराकानी गर्ने, शिक्षकलाई केटाकेटीहरूको अवस्थाबारे थाहा पाउने र विद्यार्थीहरूलाई एकआपसमा घुलमिल हुने अवसर हुन्छ । यस्तो अवसरका लागि विद्यालयमा खाजा राख्ने, खाने ठाउँको थोरै बन्दोबस्त गर्न सकिन्छ । हाम्रा विद्यालयमा आर्थिक सामाजिक कारणहरूले धेरैजसो शिक्षक दिउँसो खाजै खाँदैनन् ।

# 4. EAT WITH THE STUDENTS!

It's a good thing to eat together a day meal. In this way teachers can get to know students in another situation than in the class. Pupils from different grades get to know each other. It's also motivating to eat more healthy instead of junk food. You can create a room or space in the school to eat all together.



# ५. अभिभावकसँग कुराकानी गर्छन् !

असल शिक्षकहरू आफ्ना विद्यार्थीका अभिभावकलाई बालबालिकाका सकारात्मक पक्षहरू सुनाउँछन् र उनीहरूका योगदान र प्रयासको कदर गर्छन् । शिक्षाले जीवनमा कसरी सकारात्मक प्रभाव पार्छ र केटोकेटीहरूले नयाँ कुरा सिक्न किन नियमित विद्यालय जान आवश्यक छ भन्ने कुरा पनि गर्छन् । अभिभावकहरूलाई विद्यालय आउन उत्प्रेरित गर्छन् र आउँदा महत्त्व पनि दिन्छन् ।

# 5. SHARE POSITIVENESS WITH THE PARENTS!

Good teachers share something positive of the pupil with his or her parents. Show that you appreciate his or her efforts. Talk that education is effective and students need to keep coming to school to learn new things and parents to learn about their school. Give them time and attention.



# ६. विभिन्न तरीका अपनाउँछन् !

असल शिक्षक पाठ्यक्रमलाई आधार बनाएर विभिन्न तरीकाद्वारा विद्यार्थीहरूलाई पढाउँछन् । किताब पढाउने भन्दा एउटै विषयलाई फरकफरक सामग्री र तौरतरीकाबाट सिकाउँछन् । कक्षाकोठा बाहिर लगेर सिक्ने अवसर सिर्जना गर्छन् । उदाहरणका लागि विद्यार्थीलाई माछाबारे पढाउँदा माछा देखाएर, वर्णन गरेर, चित्र बनाएर सिकाउन सकिन्छ । मिल्ने भए माछा मार्न लान पनि सकिन्छ ।

# 6. USE DIVERSE TECHNIQUES!

As a teacher you can teach the children by different techniques while still following the curriculum. There is more than just learning it by the book. Use different materials and manners and go outside.

For example: if the children learn about fish; they can see it, describe it, then draw it and if appropriate they can even go fishing.



## ७. साइकल चढेर विद्यालय जान्छन् !

असल शिक्षक साइकल चलाएर विद्यालय जाने र विद्यार्थीहरूलाई पनि चलाउन प्रोत्साहित गर्छन् । साइकलले समयमा पुग्न, स्वस्थ रहन र वातावरण जोगाउन मद्दत पुग्छ जसले आफूलाई उर्जा थप्छ । सबैले साइकल चढिहाल्न आँट गर्न सक्दैनन् । कतै कतै भूगोलले चलाउन अलि नमिल्ला । मिल्ने ठाउँमा शिक्षकले चलाएर प्रोत्साहित गर्न सकिन्छ । यो अहिलेको जमानामा केटाकेटीमै जान्नुपर्ने आधारभूत सीप हो । हिंड्नु पनि राम्रो हो तर साइकल चलाउनु छिटो हुने झन् राम्रो तरीका हो ।

## 7. CYCLE TO SCHOOL!

They come to school by bike and encourage the children to do the same. It’s much quicker, better for health. It gives you energy! Some children need motivation to do that. Pointing out that bikes are faster than walking and friedndly to the environment is a great way to do this.

# स्वमूल्याङ्कन

*यो विश्वभरिका असल शिक्षकहरूका लक्षण छानेर बनाइएको सूची हो । यस अनुसार यदि तपाईं असल शिक्षक हुनुहुन्छ वा हुन चाहनुहुन्छ भने यो वर्ष कहाँ छु जस्तो लाग्छ र अर्को वर्ष कहाँ पुग्न चाहनुहुन्छ कृपया संलग्न तालिकामा चिनो लगाउनुहोस् । यसले तपाईंलाई आफ्नो अवस्था थाहा पाउन र प्रगतितर्फ डोरिन मद्दत गर्छ । आफूलाई चाहे जति यो पानाको प्रतिलिपि बनाउन सक्नुहुन्छ ।*

# SELF EVALUATION

*This is based on the traits of good teachers from around the world. If you want to be a better teacher on these traits put a mark where you think you are and where you wish to be next year. In that way you can track your growth. You can photocopy more pages as necessary.*

✱ = धेरै नराम्रो (थाहा छ भन्ने तर नगरेको/ Say know but never do)
✱✱ = नराम्रो (थाहा छैन, गरेको छैन/ Do not know, do not do)
✱✱✱ = ठीक्कै (थाहा छैन तर कहिलेकाहीं गर्दो रहेछु/ Don't know, happen to do from time to time)
✱✱✱✱ = ठीकठीकै (थाहा छ, कहिलेकाहीं गर्छु पनि/ Know, also apply from time to time)
✱✱✱✱✱ = राम्रो (थाहा छ, धेरैजसो गर्छु/ Know and do most of the time)
✱✱✱✱✱✱ = धेरै राम्रो (थाहा छ, सुधार गर्दै प्रयोग गर्दै गर्छु/ Know and innovate in application )

| असल शिक्षकका लक्षणहरू<br>Traits of good teachers | अङ्क<br>Score | वर्ष १<br>Yr 1 | वर्ष २<br>Yr 2 | वर्ष ३<br>Yr 3 | वर्ष ४<br>Yr 4 | वर्ष ५<br>Yr 5 |
|---|---|---|---|---|---|---|
| अभिवादन गर्छन् !<br><br>Greet the students! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| सँगसँगै हाँस्छन् !<br><br>Have a laugh! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| सँगसँगै नाच्छन्, गाउँछन् !<br><br>Dance and sing! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| सँगसँगै खान्छन् !<br><br>Eat with the students! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| अभिभावकसँग<br>कुराकानी गर्छन् !<br><br>Share positiveness with the parents! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| विभिन्न तरीका अपनाउँछन् !<br><br>Use diverse techniques! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |
| साइकल चढेर विद्यालय<br>जान्छन् !<br><br>Cycle to school! | * | | | | | |
| | ** | | | | | |
| | *** | | | | | |
| | **** | | | | | |
| | ***** | | | | | |
| | ****** | | | | | |

यो किताब **शिक्षा नीति तथा अभ्यास केन्द्र** र
**लुका स्कूल अफ आर्ट्स्,**
बेल्जियमको स्वयंसेवी सहकार्यमा तयार गरिएको हो ।
आधारभूत चित्रः **रोमी कुल्स्** र **फ्लोर विन्डेल्स्**
शब्द र परिष्कारः **टीका भट्टराई** र **विजया सुब्बा**
२०७६ असोज

Th is book is a voluntary collaboration between
**CEPP Nepal** and **LUCA School of Arts Belgium.**
Primary Sketches by **Romy Cools** and **Floor Windels**
Text and editing by **Teeka Bhattarai** and **Bijaya Subba**
2019 October

LUCA SCHOOL OF ARTS

CEPP

Basic operation for the program is supported by

MISEREOR IHR HILFSWERK

DIE STERNSINGER KINDERMISSIONSWERK